बैठक संख्या: २६।२०८१
बैठक मिति:२०८१।०९।०३ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८१।०९।०३ गते बुधबार दिनको २:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उप प्रमुख | |
| ३ | श्री महेश कुमार चौधरी | वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री लेखनाथ वास्तोला | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री शिव शंकर राजधामी | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री केशव गौतम | वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिका सदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिका सदस्य | |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री प्रमोद कुमार चौधरी | प्रमुख प्रशासकीय अधिकृत | |



CamScanner

बैठक संख्या: २६।२०८१
बैठक मिति:२०८१।०९।०३ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

| अन्य उपस्थितिः कर्मचारी | | | |
|---|---|---|---|
| १ | श्री बिरेन्द्र सिग्देल | लेखा अधिकृत | |
| २ | श्री रजत अग्रावल | इन्जिनियर | |
| ३ | श्री दुर्गेश विश्वकर्मा | अधिकृत छैटौं | |
| ४. | श्री सरोज कोईराला | सूचना प्रविधि अधिकृत | |
| ५. | श्री प्रविन शाह | स.इन्जिनियर | |

**प्रस्तावहरु.**

१. प्रस्ताव नं. १ : भा.सि. क्यामपसको खोला ब्यवस्थापन तथा कम्पाउन्ड वाल तथा क्यामपस परिसरमा माटो पुर्ने काम को ठेक्का सम्बन्धमा ।

२.प्रस्ताव नं. २ : विषयगत समितिको बैठक सम्बन्धमा ।

३.प्रस्ताव नं. ३ : रामधुनी नगरपालिकाको जनगुनासो (सुनुवाई तथा व्यवस्थापन) कार्यविधि, २०८१ स्वीकृत सम्बन्धमा।

४. प्रस्ताव नं. ४ : विविध ।

**निर्णयहरु**

**निर्णय नं.१**

प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व. २०८१।०८२ को स्वीकृत भा.सी क्याम्पसको बजेट बाट खर्च भई बाकि रहेको रू ४०,००,००० मध्ये बाट भा.सि. क्यामपसको खोला ब्यवस्थापन तथा कम्पाउन्ड वाल तथा क्याम्पस परिसरमा माटो पुर्ने काम को E-Bidding प्रकृया बाट ठेक्का आवहान गर्ने निर्णय गरियो ।

बैठक संख्या: २६।२०८१
बैठक मिति:२०८१।०९।०३ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.२**

रामधुनी नगरपालिका अन्तर्गतका विषयगत समितिका सदस्य सचिव मार्फत आउदो हिउँदे अधिवेशन पुष मसान्त सम्म सम्पन्न गर्नका लागि सम्पुर्ण विषयगत समितिहरुले विषयगत समितिको बैठक बसि समितिको निर्णय सभामा पेश गर्न सम्पुर्ण कार्यहरु सम्पादन गर्न निर्देशन गर्ने निर्णय गरियो।

**निर्णय नं.३**

रामधुनी नगरपालिका र नगरपालिका अन्तर्गतका वडा तथा सबै कार्यालयहरु बाट सम्पादन हुने काम कारबाहीको सूचना प्रबाह गर्न, कार्यसम्पादन सम्बन्धमा जनस्तरबाट प्राप्त हुने विभिन्न किसिमका जनगुनासो र सुझावहरुको उचित सुनुवाई, प्रतिकार्य प्रणाली, शासकीय व्यवस्थामा सुधार एवम् जनउत्तरदायी प्रशासनिक व्यवस्थाको प्रवर्धन तथा शुसासनको प्रत्याभूति गर्नकालागि यस "रामधुनी नगरपलिकाको जनगुनासो (सुनुवाई तथा व्यवस्थापन) कार्यविधि, २०८१" स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.४(क)**

रामधुनी न.पा. को प्रशासनिक भवन परिसरमा रहेको जग्गा दाताको सालिक निर्माणका लागि आ.व. २०८०।०८१ मा रू ३,००,०००।- (अक्षरेपी तिन लाख मात्र) विनियोजन भएको तथा उक्त निर्माण कार्य सम्पन्न हुन नसकि बाकि रहेकोले चालु आ.व २०८१।०८२ मा थप रकम रू २,००,०००।- (अक्षरेपी दुई लाख मात्र) मर्मत संभार कोष बाट विनियोजन गर्ने र उक्त सालिक निर्माण कार्यको मिति २०८१ पुष मसान्त सम्म म्याद थप गरि सम्पन्न गर्ने निर्णय गरियो।

**निर्णय नं. ४(ख)**

रामधुनी नगरपालिका १ नं वडा कार्यालयको च.न ७२७ मिति २०८१।०८।१४ गतेको प्राप्त पत्र बाट वडा नं. १ को सैनीमैनी द्वारा रामधुनी नगरपालिका स्तरिय प्रथम सैनीमैनी फुटबल प्रतियोगिता संचालनको लागि रकम रू १,००,०००(अक्षरेपी एक लाख मात्र) विविध कार्यक्रम खर्च शीर्षक बाट भुक्तानी गर्ने निर्णय गरियो ।



CamScanner

बैठक संख्या: २६।२०८१
बैठक मिति:२०८१।०९।०३ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

निर्णय नं. ४(ग)

थारू चलचित्र तथा साँस्कृतिक संघ सुनसरी जिल्ला कार्य समिति को च.न. ०५ मिति २०८१।०८।०८ गतेको प्राप्त पत्रानुसार उक्त थारू चलचित्र तथा साँस्कृतिक संघ सुनसरी ले थारु कल्याणकारिणी सभाको २३ औं केन्द्रिय महाधिवेशन भैरहवामा आफ्नो कला, सस्कृति झल्लकिने गरी सहभागिता जनाएको र उक्त कार्यक्रममा सहभागिता जनाउदा भएको बिल वमोजिमको रकम रु ७५,०००(अक्षरेपी पचहतर हजार मात्र) आर्थिक सहायता शीर्षक बाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ४(घ)

थारु कल्याणकारिणी सभा सुनसरी जिल्ला को च.न. २२ मिति २०८१।०३।१४ गतेको प्राप्त पत्रानुसार उक्त थारु कल्याणकारिणी सभा सुनसरीले यस संस्थाको विकासका लागि योगदान दिनुहुने व्यक्तित्वहरुलाई सम्मान गर्ने कार्यक्रम नेपाल सरकारको महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्री मा. भगवती चौधरीको प्रमुख आतित्थ्यतामा सम्पन्न भएको र उक्त कार्यक्रममा आएको खर्च बापतको रकम रु ३०,०००(अक्षरेपी तिस हजार मात्र) विविध कार्यक्रम खर्च शीर्षक बाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ४(ङ)

रामधुनी नगरपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि आवश्यक भएकोले रामधुनी नगरपालिका अन्तर्गत रहेको विधायन समिति लाई उक्त कार्यविधि तयार गरि पेश गर्न निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४(च)

रामधुनी नगरपालिका वडा नं. ६ बक्लौरी विहिवारे जाने कित्ता नं. २२३ को सार्वजनिक सडकमा रहेको अवरोध हटाउन नगरपालिकाको अमिन समेत खटाई नापजाँच गरि सिमाङ्कन गराउने र ईलाका प्रहरी कार्यलय पकली लाई पत्राचार गर्ने निर्णय गरियो साथै सुनसरी जिल्ला अदालतमा चलेको 072-CP-794 सार्वजनिक एंव नम्बरी जग्गा खिचला मेटाई पाउँ मुद्धामा सुनसरी जिल्ला अदालत बाट, मिति २०७६।०५।३१ मा तथा उच्च अदालत विराटनगर बाट मिति २०७८।०९।११ को फैसला लाई कार्यन्वयन गर्ने निर्णय गरियो।

बैठक संख्या: २६।२०८१
बैठक मिति:२०८१।०९।०३ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

<u>निर्णय नं. ४(छ)</u>

रामधुनी नगरपालिका वडा नं ६ बक्लौरीमा १५ शैयाको अस्पताल भवन निर्माण मिति २०८०/०३/१० भित्र कार्यसम्पन्न गर्ने गरी मिति २०७८/०७/०१ मा रामधुनी नगरपालिकाले श्री भुमि-बुद्ध-ओम बुद्ध जे.भि सँग सम्झौता गरी ठेक्का दिएकोमा ठेकेदार पक्षबाट सम्झौता वमोजिमको कार्य सम्पन्न गर्नसकेपछि मिति २०८०/०९/२७ गतेको नगर कार्यपालिका बैठकको निर्णयवाट ठेकेदार पक्ष सँग सम्झौता अन्त्य गरि कालोसूचीमा राख्न सर्वाजिनिक खरिद अनुगमन कार्यालय लाई सिफारिस गरीएकोमा कालोसूचीमा समेत राखिसकेको र सो उपर ठेकेदार पक्षले उच्च अदालत पाटनमा नगरपालिका विरुद्ध मुद्दा दायर गरेपनि उक्त मुद्दामा नगरपालिकाले सम्झौता अन्त्य गरेको निर्णयलाई अदालतले जायज ठहराई फैसला गरेको अवस्थामा विपक्षि ठेकेदार कम्पनीले पुन नेपाल मध्यस्थता परिषद (नेप्का) मा मध्यस्थतावाट विवाद समाधान गरी पाउँ भनि निवेदन दिएकोले नेपाल मध्यस्थता परिषद (नेप्का) ले मध्यस्थता नियुक्तिका लागी यस नगरपालिकालाई च.नं.३३९/०८१/०८२ मिति २०८१/०७/२९ को पत्र बाट पत्रचार गरेको सन्दर्भमा छलफल हुदा विपक्षि निर्माण कम्पनी संगको सम्झौता अन्त्यको निर्णय अदालतवाट समेत सदर भै सकेकोले मध्यस्थतावाट फेरी विवाद समाधान गर्नुपर्ने अवस्था र औचित्य नभएपनि नेप्कामा निजको दावीको सम्वन्धमा नगरपालिकाको तर्फवाट प्रतिरक्षा गर्नुपर्ने भएकोले सो प्रयोजनका लागि नेपाल मध्यस्थता परिषद (नेप्का) ले च.नं.४१९/०८१/०८२ मिति २०८१/०८/२४ को पत्र बाट ३ जना मध्यस्थतकर्ता को नाम पठाएको मध्ये ईञ्जिनियर दिपक नाथ चालिसे ज्यू लाई रामधुनी नगरपालिकाको तर्फबाट मध्यस्थता नियूक्ती गर्ने र यसको जानकारी नेपाल मध्यस्थता परिषद (नेप्का) संस्थालाई दिने निर्णय गरियो ।

<u>निर्णय नं. ४(ज)</u>

थारु कल्याणकारिणी सभा नगर कार्य समिति को च.न. ४६ मिति २०८१।०८।०९ गतेको प्राप्त पत्रानुसार उक्त थारु कल्याणकारिणी सभा नगर कार्य समितिले थारु कल्याणकारिणी सभाको २३ औं केन्द्रिय महाधिवेशन भैरहवामा सहभागिता जनाएको र उक्त कार्यक्रममा सहभागिता जनाउदा भएको खर्च बमोजिमको रकम रु ७५,००० (अक्षरेपी पचहतर हजार मात्र) आर्थिक सहायता शीर्षक बाट भुक्तानी गर्ने निर्णय गरियो ।

CamScanner

बैठक संख्या: २६।२०८१
बैठक मिति:२०८१।०९।०३ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

<u>निर्णय नं. ४(झ)</u>

जिल्ला सुनसरी रामधुनी नगरपालिका वडा न. ५ बस्ने श्री नितु कुमारी चौधरीको नाममा साविक भा. सी. ५"ख" हाल रामधुनी नगरपालिका वडा न. ५ को कित्ता नं. २८५२ (क्षेत्रफल ०-०-७) को जग्गामा घर नक्सा पासको लागि दर्ता गरि मितिः २०७४/११/२२ गते यस कार्यालयबाट निर्माण इजाजत पत्र लिइएको, श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीको प.स. २/संघिय/६०४/२०७४/७५ च.नं. २१२७ मितिः २०७५/०१/१६ को पत्रानुसार त्यस कार्यालयमा दर्ता भएको उ.द.नं. ६०४ मितिः २०७५/०१/०६ गतेको उजुरीको सम्बन्धमा जिल्ला सुनसरी रामधुनी नगरपालिकाका कर्मचारी र वडा नं ५ वडाध्यक्षको मिलेमतोमा नितु कुमारी चौधरीले घर नक्सा पास गर्न सबै कार्य नियम पुरा गर्दा पनि घर नक्सा पास नगरेको साथै मापदण्ड बिपरित नितु कुमारी चौधरीको जग्गा मिचि कम्पाउण्ड वाल निर्माण कार्य भने निवेदन उजुरी पर्दा समेत कार्य गर्न दिएको भन्ने उजुरीको सम्बन्धमा यस कार्यालयको प.स. ०७४/७५ च.नं. १७४४ मितिः २०७५/१/२४ गतेको पत्रानुसार जित बहादुर बिस्टले निर्माण गरेको कम्पाउण्ड वालको निर्माण कार्य रोक्का राखेको, निज नितु कुमारी चौधरीलाई घर निर्माण गर्न अनुमति दिएको, निजले न्यायिक समिति समक्ष दिएको निवेदनमा छलफल हुँदा आफै उपस्थित भइ नापी शाखा इनरुवाबाट सर्वेक्षक समेतको टोलि टेलिस्कोप साथ झिकाई नापी गर्ने सहमत भएको र सो बमोजिम गर्न नापी कार्यालय इनरुवामा यस कार्यालयबाट मिति २०७४/१२/२८ गतेमा पत्राचार समेत भएको प्रमाणपत्रहरु संलग्न राखी सत्य तथ्य बिबरण सहितको राय प्रतिक्रिया पठाइएको, श्री सम्मानित सुनसरी जिल्ला अदालतमा बादी जितबहादुर बिस्टको छोरा सुनसरी जिल्ला साविक भा.सी. ५ हाल रामधुनी नगरपालिका वडा नं. ५ बस्ने ३६ बर्षको मदन बिस्ट समेतले प्रतिवादी हरेराम चौधरीको पत्नी सुनसरी जिल्ला रामधुनी नगरपालिका वडा नं. ५ बस्ने २५ बर्षकी नितु कुमारी चौधरी समेतलाई मुद्दा नं. ०७५-CP-०१६४ को मुद्दामा निर्माणाधीन घर भत्काई जग्गा खिचोला चलन मितिः २०७५/४/२३ गते दायर गरि श्री सम्मानित सुनसरी जिल्ला अदालतबाट बादी दावी पुग्न सक्दैन भनि मितिः २०७८/१२/१६ गते फैसला भएको र श्री सम्मानित उच्च अदालत बिराटनगरमा बादीले प्रतिवादीलाइ मुद्दा नं. ०७८-CP-०८७१, मुद्दा नं. ०७८-CP-०२३७ र मुद्दा नं. ०७८-CP-०८७२ दायर गरि पुनरावेदन दिदा सुरु सम्मानित सुनसरी जिल्ला अदालतबाट मिति २०७८/१२/१६ मा भएको फैसला मिलेकै देखिदा सदर हुने ठहर्छ भनि मितिः २०८०/११/२० गते फैसला भएकोले निज नितु कुमारी चौधरी समेत सो जग्गाको आसपास रहेका सम्पूर्ण भवनहरुलाइ घर नक्सा पास

बैठक संख्या: २६।२०८१
बैठक मिति:२०८१।०९।०३ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

सम्वन्धि मापदण्ड/कार्यविधि- २०७८ को दफा १३ बमोजिम घर नक्सा अभिलेखीकरण प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ४(य)

थारू महिला सभा वडा कार्य समिति वडा नं. ४ को च.न. १८ मिति २०८१।०५।२९ गतेको प्राप्त पत्रानुसार जितिया विशेस कार्यक्रम मनाउन रू १०,००० आर्थिक सहायता शीर्षक बाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ४(ट)

रामधुनी न.पा. वडा नं. २ वस्ने शुरेस कुमार शाह को माग बमोजिम छठ पुजा कार्यक्रमको लागि रू १०,००० आर्थिक सहायता शीर्षक बाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ४(ठ)

रामधुनी नगरपालिका वडा नं. ६ र वडा नं. ७ को नाममा रहेको मोटरसाईकल मर्मत गर्नका लागि प्राविधिक मुल्याङकन बमोजिमको रकम क्रमसः रू ३४,२२५ र रू ३३,२३२ को अपुग रकम मर्मत संभार शीर्षक बाट भुक्तानी कोशी मोटरसाईकल वर्कसप रामधुनी न.पा. वडा ५ लाई भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ४(ड)

रामधुनी नगरपालिका वडा नं. ७ को च.न. १००३ मिति २०८१।०९।०२ प्राप्त पत्रानुसार रामधुनी न.पा. वडा नं. ७ मा सक्रिय रहेको आदर्श दिदि बहिनि समुहले एकदिने महिला कानुनी परामर्श सेवा कार्यक्रम संचालन गरी सम्पन्न भएको र सो कार्यक्रम को खर्च रू ४१,००० विविध कार्यक्रम शीर्षक बाट भुक्तानी गर्ने निर्णय गरियो ।